"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
कोशी प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/०८१
च.नं. २२९४

## नदी / खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आह्वानको सूचना।

*तेश्रो पटक प्रकाशित मितिः २०८०।०८।११*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२ (क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E. प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८० ले तोकेको दरमा विक्री गर्ने गरी तपसिल बमोजिमको नदि/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ।

**तपसिल**

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् हुने क्षेत्र | उत्खनन् योग्य परिमाण | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/RVR/DK-RTWA/12/80/81 | रतुवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य | **दमक नगरपालिका र कमल गाउँ पालिका**को सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट बालुवा, ढुङ्गा, गिटी / मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी। | ६२,५८० घन मीटर | ९२,२०,२०६/- (अक्षरेपी बयानब्बे लाख बीस हजार दुई सय छ रुपैयाँ मात्र ) | कबोल गरेको रकमको ५% | ३,०००/- |

- बोलपत्रका लागि देहायका शर्तहरू हुनेछन र ईच्छुक बोलपत्रदाताले BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नुपर्नेछ।

**शर्तहरू:**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ। जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ। बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०।०८१
च.नं. २२५८

देहाय (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क्र.स. | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| क | दमक नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | २१४०१००३०१०१०००२ | २१४०१००३०३००००२ |

नोट : कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा दमक नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ८ औँ दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ।

३. बोलपत्र दर्ता भएको दिन, दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहबरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरि ठेक्का सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

५. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ।

६. बोलपत्र स्वीकृत पश्चात स्वीकृत बोलपत्रदाताले पत्र बुझेको वा सूचना प्रकाशन भएको वा कार्यालयको आधिकारीक ईमेल मार्फत पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

७. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ।१३% प्रतिशत मु.क.कर र १.५% प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन। उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई दमक नगरपालिकाको विभाज्य कोष खाता नं. २१४०१००३०६०१०००२ मा दाखिला गर्नुपर्नेछ।

८. किस्तामा बुझाउन चाहाने बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ। प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकमको ४० प्रतिशत (मु.अ.कर सहित), दोस्रो किस्ता २०८० फाल्गुण मसान्त भित्र ४० प्रतिशत (मु.अ.कर सहित) र तेस्रो किस्ता २०८० चैत्र मसान्त भित्र २० प्रतिशत (मु.अ.कर सहित) रकम बुझाई सक्नु पर्नेछ। साथै कवोल अंकको१.५% (प्रतिशत) अग्रिम आय कर बोलपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
कोशी प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/०८१
च.नं. २२३४

दाखिला गर्नुपर्नेछ। बोलपत्रदाताले ठेक्का सम्झौता पछी बुझाउँन बाँकी ६० प्रतिशत बराबरको रकमको हकमा "क" बर्गको बैंकबाट २०८१ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ। कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा, तेश्रो किस्ता समेतको रकम २०८० चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गरिनेछ।

९. ठेक्काको अबधि सम्झौता अबधि देखि २०८१ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ। यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको पाईएमा थप उत्खनन गर्न रोक लगाइने छ।

१०. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन।

११. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम संकलन गर्नुपर्नेछ।

१२. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ।

१३. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१४. उत्खखन क्षेत्र र प्रविधिको सम्बन्धमा updated IEE मा मेसीन प्रयोग गर्न सकिने भनी तोकीएको नाकावाट तोकीएकव परिमाणमा तोकिएको रित पुर्याई उत्खनन् गर्नु वाहेक अन्य नाकाहरुवाट श्रमजन्य प्रविधिवाट मात्र उत्खनन्/संकलन गर्नु पर्नेछ। updated IEE नाकागत परिमाण यसै सूचनाको अंगको रुपमा रहनेछ।

१५. खोलाजन्य पदार्थ उत्खनन र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाँध, लोकमार्ग र सडकमार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थानहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ।

१६. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिनेछ।

१७. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उल्खखन तथा विक्री सम्वन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

१८. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ। तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउनेबोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/०८१
च.नं. २२५८

१९. सम्झौता भएपछी बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खनन गरी भण्डारण गर्नु परेमा दमक नगरपालिकाको पूर्व स्वीकृति लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ। खोलाजन्य पदार्थ भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन। स्वीकृति लिई भण्डारण गरिएका खोलाजन्य पदार्थहरुको २०८१ असाढ असान्त भित्र मौज्दात शुन्य गरीसक्नु पर्नेछ।

२०. २०८१ जेष्ठ मसान्त देखि २०८१ असाढ मसान्तसम्म सम्झौता गरेको बोलपत्रदाता वा सो समय भित्र वा पछि अन्य कानुन बमोजिम खोलाजन्य पदार्थ खरिद गरी मौज्दात गर्न योग्यता पुगेको व्यक्ति / फर्म / कम्पनीले मौज्दात गरेको परिमाण प्रमाणित गर्नुपर्ने भएमा (Stock प्रमाणित) तोकिएको दरले नगरपालिकालाई प्रमाणित दस्तुर बुझाउनुपर्नेछ। आषाढ मसान्त सम्म स्टक प्रमाणितका लागि पेश नभएका साथै नियमानुसार स्टक प्रमाणित नभएका खोलाजन्य पदार्थहरुको हकमा नगरपालिकाले जफत गरी लिलाम बिक्रि वा आवश्यकतानुसारको निर्णय गर्न सक्नेछ।

२१. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री बितरण कार्यको नियमन गर्दा प्रचलित कानून उलंघन गरेको पाईएमा कोशी प्रदेशको आर्थिक ऐन, २०८० को अनुसूची १० बमोजिम जरिवाना लगाइने र असुल गरिनेछ।

२२. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही खोलाजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ। संकलन गरेको परिमाणको लगत प्रत्येक १५।१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

२३. अध्यावधिक आई.ई.ई. बमोजिमको उल्लेखित परिमाणमा कार्यालयले अमानतवाट संकलन गर्दा घट्न गएको परिमाण घटाई हुन आउने परिमाण संकलन गर्ने गरी ठेकेदारसँग सम्झौता गरिनेछ।

२४. ठेक्का तयारी तथा सो सँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ।

२५. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गरी बोलपत्र प्रकृयामा भाग लिनु पर्नेछ।

२६. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ।

२७. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

२८. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२९. सूचनामा उल्लेख भए बमोजीमकव परिमाणमा प्रतिष्पर्धा भएतापनि सम्झौता अवधिसम्म श्रमजन्य प्रविधिवाट मात्र अमानतमा उत्खनन्, संकलन गरीएको परिमाण यकिन गरी कुल परिमाणमा उत्खनन् भएको परिमाण घटाई बाँकी परिमाणमा ठेक्का सम्झौता गरिनेछ। यसरी सम्झौता गर्दा आई.ई.ई प्रतिवेदन बमोजिम प्रतिदिन २९७ घन मीटर उत्खनन् गर्न पाउने व्यवस्था समेतलाई मध्यनजर गरिनेछ।

३०. संघीय र प्रदेश सरकारवाट नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री लगायतका सम्बन्धमा कुनै ऐन, कानून स्वीकृत भई आएमा सोही बमोजीम हुनेछ।

३१. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।

३२. यस प्रकृयामा सहभागीहुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ।

३३. माथी जुनसुकै कुरा उल्लेख भएता पनि खोलाजन्य पदार्थ उत्खनन्, संकलन गर्ने नाका वा क्षेत्राधिकार भित्र संघीय/प्रदेश वा स्थानीय सरकारले आ.व.२०८०/८१ मा कुनै पुल लगायतको संरचना निर्माण गर्ने भएमा उक्त

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
कोशी प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/०८१
च.नं. २२३४

नाकाबाट उत्खनन् गर्ने परिमाणलाई आधार मानी कार्यपालिकाको निर्णयका आधारमा फिर्ता/छुट/मिनाहा दिन प्रदेश सरकार समक्ष सिफारिस गर्न सकिनेछ तर VAT र TDS मा भने यो सुविधा प्रदान हुने छैन।

**रतुवा खोलावाट उत्खनन गर्न पाउने नदीजन्य पदार्थको विवरण**

| क्र.सं. | घाट / स्थान | उत्खनन् संकलन गर्न सकिने पदार्थको प्रकार | | | जम्मा परिमाण घन मिटर |
|---|---|---|---|---|---|
| | | ढुंगा, गिटी | बालुवा | भरौट / बलौट | |
| १ | नयाँ रतुवा पुल ५०० मि. उत्तर विधुवा दोभान दक्षिण | २२४२ | १४९५ | ३७३६ | ७४७३ |
| २ | नमुना वस्ती क्षेत्र | ३५० | ० | २३००० | २३३५० |
| ३ | सयपत्री | ० | ० | १४०११ | १४०११ |
| ४ | बालुवाटार / त्रिवेणी चोक पश्चिम | ० | ० | ४६७० | ४६७० |
| ५ | माझी टोल पश्चिम | ० | ० | ४६७० | ४६७० |
| ६ | पिङ्गडाँडा / लालधन्द्रा | ० | ० | ४६७० | ४६७० |
| ७ | सेतुमारी/झर्का रतुवा पुल १००० मि.दक्षिण | ० | ० | ३७३६ | ३७३६ |
| | **जम्मा** | **२५९२** | **१४९५** | **५८४९३** | **६२५८०** |

माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु दमक नगर सार्वजनिक खरिद नियमावली २०७७,ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ र प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

*थप जानकारीका लागि ०२३-५९७००० मा सम्पर्क गर्न सकिनेछ।*

..........................
गणेशराज कार्की
प्रमुख प्रशासकिय अधिकृत

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत